# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि.
# दोश्रो वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभा:

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दोश्रो वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा होटल हिमालय, कुपण्डोल, ललितपुरमा मिति २०७६ आश्विन २९ गते तद्नुसार १६ अक्टुवर २०१९, बुधवार दिउंसो ३:०० बजे प्रारम्भ भई ५:०० बजे सम्पन्न भयो ।

२. सूचना प्रकाशन:

कम्पनीको दोश्रो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७६/०६/०३ मा आर्थिक अभियान, राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७६/०६/०९ मा सोही पत्रिकामा दोस्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा दोश्रो वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

३. सञ्चालकहरुको उपस्थिति:

१. श्री प्रदीपजङ्ग पाण्डे – अध्यक्ष

२. श्री सुमित कुमार अग्रवाल – सञ्चालक

३. श्री मनोज कार्की – सञ्चालक

४. श्री महेश स्वांर – सञ्चालक

५. श्री दिप प्रकाश पाण्डे – सञ्चालक

६. श्री इन्द्र प्रसाद कर्माचार्य – स्वतन्त्र सञ्चालक

सञ्चालक श्री सुमित कुमार अग्रवाल देश बाहिर रहनु भएकोले निज भिडियो कन्फरेन्सको माध्यमबाट उपस्थिति हुनु भएको थियो ।

४. छलफलका विषयहरु:

(क) सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. काठमाडौं

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने ।

५. सञ्चालक समितिको रिक्त एक पदको निर्वाचन गर्ने ।

(ख) विविध ।

५. सभाको गणपूरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ९१ | ४६.६७ |
| शेयर संख्या | १७,५००,००० | १२,१९०,००० | ६९.६६ |

६. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

७. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको दोश्रो वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दी र देशभित्रको राजनैतिक अवस्था, आर्थिक उतारचढावका वावजुद कम्पनीले अवलम्बन गरिआएको व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता तथा कम्पनीले प्रदान गरिरहेको उच्चस्तरको ग्राहकमुखी प्राविधिक सेवाले कारोबार शुरु गरेको छोटो अवधिमा नै कम्पनीले हासिल गरेको उपलब्धी उत्साहजनक रहेको व्यहोरा जानकारी गराउनु भयो । यसका साथै कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत दक्ष व्यवस्थापन समूहको कुशल कार्यदक्षता एवम् जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस कम्पनी सर्वसाधारण सेवाग्राही बीच आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको तथा जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिँदै भविष्यमा समेत जीवन बीमाका थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुऱ्याउन कम्पनीको सञ्चालक समिति जिम्मेवार भई पहल गर्ने व्यहोरा सभामा जानकारी गराउनु भयो । कार्य सूची बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण

शेयरधनी महानुभावहरुले स्वीकृत गर्नुहुने आशा व्यक्त गर्दै कम्पनीले हासिल गरेको उपलब्धी तथा भावी रणनीतिका सम्बन्धमा प्रकाश पार्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन प्रदान गर्नुभयो ।

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले कम्पनीले हालसम्म हासिल गरेको उपलब्धी, कम्पनीले प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु, जीवन बीमा व्यवसायका अवसर तथा चुनौतीहरु, तथा कम्पनीको भावी रणनीति आदिको बारेमा सभालाई जानकारी गराउनु भयो ।

८. छलफलको लागी आहवान:

साधारण सभाका अध्यक्षज्यूले आर्थिक वर्ष २०७४/०७५ को सञ्चालक समितिको दोश्रो वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञाशा, प्रतिक्रिया, मन्तव्य एवम् सुझाव दिनको लागी शेयरधनी महानुभावहरुलाई आहवान गर्नुभएकोमा सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट कुनै प्रश्न, जिज्ञाशा एवम् प्रतिक्रिया प्रस्तुत भएन ।

९. निर्णयहरु: साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा: सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा: लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा: कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर वाहेक रु. १,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैयां मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री देवकी विजय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, लाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४. सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा: कम्पनीको कुल जारी पूंजीको तीस प्रतिशत अर्थात पचहत्तर करोड रुपैयां बराबरको सर्वसाधारण शेयर नियमनकारी निकायको स्वीकृतिलिई सार्वजनिक निष्काशन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

५. सञ्चालक समितिको रिक्त एक पदको निर्वाचन गर्ने सम्बन्धमा: कम्पनीको प्रथम वार्षिक साधारण सभाबाट नियुक्त हुनु भएका सञ्चालक समितिका सदस्य श्री अनोज रिमालज्यूले

काठमाडौं

सञ्चालकको पदबाट राजिनामा दिनु भएकोमा सञ्चालक समितिको मिति २०७५/०३/३१ मा सम्पन्न ३६औं बैठकबाट स्वीकृत भई रिक्त रहन गएको सञ्चालक पदमा संस्थापक कम्पनी श्री शिखर इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट श्री दिप प्रकाश पाण्डेज्यूलाई साधारण सभा सम्मको लागी सञ्चालकमा नियुक्त गर्ने सोही बैठकको निर्णय सर्वसम्मतिले अनुमोदन गरियो । यसका साथै सञ्चालक समितिको रिक्त एक पदको निर्वाचनका लागि संस्थापक कम्पनी श्री शिखर इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट श्री दिप प्रकाश पाण्डेज्यूको मनोनयन दर्ता भएको सञ्चालक समितिको निर्वाचनका लागी नियुक्त निर्वाचन अधिकृत श्री रुद्र प्रसाद शर्माले सभामा जानकारी गराउनु भयो । यसरी सञ्चालक समितिको रिक्त एक पदमा एक जनाको मात्र मनोनयन दर्ता भएकोले सञ्चालक समितिको बांकी कार्यकालका लागी श्री दिप प्रकाश पाण्डे निर्विरोध रुपमा सञ्चालकमा नियुक्त भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१०. धन्यवाद ज्ञापन:

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

दिप बहादुर वि.सी.
कम्पनी सचिव

प्रदीपजङ्ग पाण्डे
अध्यक्ष